**सिम्ता गाउँपालिकामा समुदायमा सरकारी वकील कार्यक्रम २०७८ बैशाख ३ गते सम्पन्न**

उच्च सरकारी वकील कार्यालय, सुर्खेत र जिल्ला सरकारी वकील कार्यालय, सुर्खेतको संयुक्त आयोजनामा समुदायमा सरकारी वकील कार्यक्रम २०७८ बैशाख ३ गते सुर्खेतको सिम्ता गाउँपालिकामा सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा सहभागीहरुलाई सरकारी वकीलको काम कारबाही, समुदायसँग सरकारी वकीलले राखेको अपेक्षा बारेमा जानकारी दिन जिल्ला सरकारी वकील कार्यालय, सुर्खेतका जिल्ला न्यायाधिवक्ता श्री केदारनाथ उपाध्यायले कार्यपत्र प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरुले राखेको जिज्ञाशाको सम्बोधन जिल्ला सरकारी वकील कार्यालय, सुर्खेतका जिल्ला न्यायाधिवक्ता श्री केदारनाथ उपाध्याय र उच्च सरकारी वकील कार्यालय, सुर्खेतका उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले गर्नुभएको थियो ।

सिम्ता गाउँपालिकाका अध्यक्ष श्री कविन्द्रकुमार केसीले पीडितलाई न्याय प्राप्त गर्नमा सहयोग गर्नमा समुदाय क्रियाशील हुनुपर्ने र स्थानीय सरकार प्रतिवद्ध भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “समुदायलाई सरकारी मुद्दाको काम कारबाहीको जानकारी दिई सरकारी मुद्दामा सहयोग, उत्प्रेरणा र सचेतना बढाउन कार्यक्रम प्रभावकारी रहेको छ ।"

सिम्ता गाउँपालिकाका उपाध्यक्ष श्री चन्द्रकला शाहीले समुदायले समाजमा रहेका विकृति र अपराधिक घटना रोक्न पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।

जिल्ला सरकारी वकील कार्यालय, सुर्खेतका सहायक जिल्ला न्यायाधिवक्ता श्री चन्द्रबहादुर खत्रीले सञ्चालन गर्नुभएको कार्यक्रमको व्यवस्थापनमा सहयोग जिल्ला सरकारी वकील कार्यालय, सुर्खेतका नायव सुब्बा श्री ध्रुवनाथ योगीले गर्नुभएको थियो ।

कार्यक्रम आयोजनामा समन्वय सिम्ता गाउँपालिका र इलाका प्रहरी कार्यालय, छिन्चुले गरेको थियो ।

कार्यक्रममा सिम्ता गाउँपालिकाका जनप्रतिनिधि, शिक्षक र विद्दार्थी लगायतको सहभागीता रहेको थियो ।

कार्यक्रममा ८ महिला सहित ४२ जनाको सहभागीता रहेको थियो ।